भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खावाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. :- २०८०/८१
च.नं.:- ३०९

मिति:- वि.सं.२०८०/०६/०८ गते

**विषय :- सूचना टाँस गरी जानकारी गराउने सम्बन्धमा ।**

श्री वडा कार्यालय सबै,
भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग),
लुम्बिनी प्रदेश, नेपाल ।

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खावाङ्ग बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको *दोस्रो पटक प्रकाशित आ.व.२०७९/८०मा स्थापना भएको स्याउ/ओखर पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रम माग सम्बन्धी सूचना (७ दिने)* त्यहाँ वडा कार्यालयको सूचना पाटीमा टाँस गरी वडाबासी कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड/समिति/जल/वन उपभोक्ता समितिहरुलाई जानकारी गराई सो को जानकारी पठाउनुहुन अनुरोध छ । साथै उक्त *आ.व.२०७९/८०मा स्थापना भएको स्याउ/ओखर पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रम माग सम्बन्धी सूचना (७ दिने)* थान १ (एक) यसै पत्रसाथ संलग्न गरी पठाईएको छ ।

२०८०/०६/०८

...................
(उपेन्द्र यादव)
निमित्त प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

आर्थिक वर्ष:- २०८०/८१
सूचना नं.:- ११

## आ.व.२०७९/८०मा स्थापना भएको स्याउ/ओखर पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रम माग सम्बन्धी सूचना।

**(दोस्रो पटक सूचना प्रकाशित मितिः- वि.सं.२०८०/०६/०८ गते)**

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको यस चालु आ.व.२०८०/८१को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रम, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, *आ.व.२०७९/८०मा स्थापना भएको स्याउ/ओखर पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रम* सञ्चालन गर्नुपर्ने भएकोले भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग)भित्रका ईच्छुक कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड/समिति/जल/वन उपभोक्ता समितिहरुले तपसिलमा उल्लेखित पेश गर्नुपर्ने आवश्यक कागजातहरु सहित ***यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनभित्र अर्थात (मिति वि.सं.२०८०/०६/१४ गते)भित्र*** यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालय तथा सम्बन्धित वडा कार्यालयहरुमा माग गर्नुहुन यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**तपसिलः**

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**

(१) स्याउ/ओखर पकेट निरन्तरता कार्यक्रम माग सम्बन्धमा निवेदन र छाप ।

(२) सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपी ।

(३) स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।

(४) गत आ.व.२०७९/८०को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।

(५) गत आ.व.२०७९/८०को अन्तिम लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी ।

(६) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७को अनुसूची ६, ७ र १०को फारम बमोजिम पूर्ण रुपमा भरेको विवरण ।

(७) कार्यक्रम सञ्चालन हुने तथा उपभोग गर्ने स्थानका कृषकहरुको जग्गा/जमिनको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामा तथा गत आ.व.२०७९/८०को घरजग्गा तिरो तिरेको रसिदको प्रतिलिपी ।

(८) निवेदक (कार्यक्रम सञ्चालन तथा उपभोग गर्ने कृषक)हरुको नेपाली नागरिकता वा परिचय खुल्ने प्रमाण-पत्रको प्रतिलिपी।

(९) समूह/संस्था/समितिको हकमा स्याउ/ओखर पकेट निरन्तरता कार्यक्रम माग सम्बन्धमा निर्णयको प्रतिलिपी

.......................... ..........................
(विशाल पुन मगर) (उपेन्द्र यादव) २०८०/०६/०८
नायब प्राविधिक सहायक निमित्त प्रमुख प्रशासकीय अधिकृत

विशाल पुन मगर
ना.प्रा.स.(कृषि इकाई)

निमित्त प्रमुख प्रशासकीय अधिकृत

**सम्पर्कका लागिः**

१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरी :- ९८४१८०२७३२, ९८२२८२३८२६

२. ना.प्रा.स.- विशाल पुन मगर :- ९८६६९०४६५६, ९८१०९४०९९५

३. ना.प्रा.स.- शिखर विश्वकर्मा :- ९८६८६२१८०४, ९८०६२९११२५